# लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### लमही, दाङ
### लुम्बिनी प्रदेश,नेपाल

**मल्चिङ्ग प्लाष्टिक खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति, २०७८/०९/२७ गते)

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास उपशाखाको चालु आ.ब.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा मल्चिङ्ग प्लाष्टिक बितरण कार्यक्रमका तपशिल अनुसारको मल्चिङ्ग प्लाष्टिक खरिद गर्न सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ को उपदफा (१) बमोजिम सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक फर्म/कम्पनी/अपूर्तिकर्ताहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१) दरभाउपत्र फारम खरिद गर्न ईच्छुक फर्म/कम्पनी/अपूर्तिकर्ताहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०७८/१०/११ गते सम्म कार्यालय समयभित्र चालु आ. व. को लागी नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, कम्पनी दर्ता प्रमाणपत्र ,स्थायी लेखा दर्ता प्रमाण पत्र, मू. अ. कर दर्ता प्रमाण पत्र, आ. व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी www.bolpatra.gov.np वेवसाइट र यस लमही नगरपालिकाको कार्यालयवाट नियमानुसार लागने रु. १,०००/- एक हजार राजश्व दस्तुर (फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गर्न सकिनेछ।

२) खरिद गरिएका शिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन मिति २०७८/१०/१२ गते दिनको १२:०० बजेभित्र यस नगरपालिका कार्यालयको नाममा सम्बोधन गरी फारम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्नेछ। सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधी र दरभाउपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

४) मल्चिङ्ग प्लाष्टिक ४०० मिटरको रोल भएको २५ र ३० माइक्रोन साइजको खरिद गरिने छ। दरभाउपत्र पेश गर्दा आफूले सप्लाई गर्न चाहेको मल्चिङ्ग प्लाष्टिक २५ र ३० माइक्रोनको र ४०० मिटर लम्बाई तथा १२० से मी चौडाई भएको मल्चिङ्ग प्लाष्टिकका लागि दरभाउपत्र खरिद गरि विवरण स्पष्ट खुलाई पेश गर्नु पर्नेछ एउटै खामभित्र एक भन्दा वढि दरभाउपत्रहरु राखि पेश गर्न पाइने छैन।

५) सिलबन्दी दरभाउपत्रसाथ जमानत वापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको धरौटी खाता नं. ४२९०१००३०३००००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी ७५ दिन अवधी (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

६) दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा सहिछाप गरेको हुनुपर्ने छ।

७) म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनी शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८) शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद(पहिलो संशोधन) ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन।

९) शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमश: कार्यालय खुलेको अर्को दिन हुनेछ।

१०) शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११) अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ।

१२)दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.को लागी भएकाले असाढ मसान्त सम्म कुनै प्रकारको मूल्य बढि लाई स्वीकार गरिने छैन।

१३)दरभाउपत्रदाताले दरभाउपत्रका साथ पेश गर्ने प्रमाणपत्र तथा आवश्यक सम्पूर्ण कागजातका प्रतिलिपीहरु नेपाल नोटरी पब्लिक परिषदबाट मान्यता प्राप्त नोटरी पब्लिक बाट प्रमाणित गरि पेश गर्नु पर्ने छ। नोटरी पब्लिक बाट प्रमाणित नगरिएका प्रतिलिपीहरु अमान्य मानिनेछन्।

१४) खरिद गरिने मल्चिङ्ग प्लाष्टिक सम्वन्धि विवरण।

| सि.नं. | दरभाउपत्र नं. | सामग्रीको बिबरण | फारम शुल्क रु. | इकाई | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | कृषि ०२ ख/२०७८/०७९ | ४०० मिटर लम्वाई १२० से मी चौडाई भएको २५ माइक्रोनको मल्चिङ्ग प्लाष्टिक खरिद। | १,०००।– एक हजार रुपैयाँ मात्र । | रोल | ४८,०००।– अठचालिस हजार रुपैयाँ मात्र। |
| २ | | ४०० मिटर लम्वाई १२० से मी चौडाई भएको ३० माइक्रोनको मल्चिङ्ग प्लाष्टिक खरिद। | | रोल | |

.........................

गोविन्द बहादुर डाँगी

प्रमुख प्रशासकीय अधिकृत